# हुप्सेकोट गाउँपालिका

आर्थिक वर्ष २०७९/०८०

# नीति तथा कार्यक्रम

## गाउँ कार्यपालिकाको कार्यालय

**झ्यालबास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)**

१० असार २०७९

**माननीय सदस्य ज्यूहरु,**

गाउँकार्यपालिकाका सम्पूर्ण कर्मचारी ,पत्रकारहरु एवं सुरक्षाकर्मीहरु

१) संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासनको आधार स्तम्भको रुपमा रहेको स्थानीय सरकार हुप्सेकोट गाउँपालिकाले आफ्नो स्थापनाका दिन देखि यस क्षेत्रका नागरिकको ईच्छा चाहना र आकांक्षालाई पुरा गर्न हरदम कर्तव्यनिष्ठ क्रियाशिल र प्रतिवद्ध रहेको यहाँहरु सबैलाई सर्वविदितै छ। नागरिकको अभिमत मार्फत स्वतन्त्र निर्वाचनको माध्यमबाट यस हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षविभोर छु।

२) विगत दुई बर्ष देखि विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीले नागरिकको स्वास्थ्यमा गम्भीर जोखिम उत्पन्न हुनुका साथै सामाजिक जनजीवन र आर्थिक क्रियाकलाप पुरै संकुचित भई उत्पादन, वितरण तथा उपभोग प्रणालीमा असन्तुलन भएको अवस्था थियो। अत्यन्त न्यून स्रोतसाधन तथा अनुभब हुदाहुदै पनि स्थानीय सरकारको रुपमा हुप्सेकोट गाउँपालिकाले पूर्ण सुझबुझको साथ कोरोना महामारी बिरुद्धको लडाईंमा सफलता प्राप्त गरिरहेको छ।

३) अहिले सबै गाउँबासीहरुले कोभिड १९ विरुद्धको पूर्ण खोप प्राप्त गरिसकेक छन् भने ६६ प्रतिशत नागरिकले अतिरिक्त डोज खोप समेत लगाएका छन्। थला परेको नागरिक जनजीवनले पुन : गति समातेको छ । आर्थिक क्रियाकलाप क्रमसः लयमा फर्कदै गरेको अवस्था छ । सरकारको निरन्तर मेहनत र उत्कृष्ट व्यवस्थापनबाट कोभिड १९ महामारीबाट नागरिकलाई सुरक्षित राखी आर्थिक तथा सामाजिक सूचकलाई पनि सामान्य अवस्थामा फर्काउन सफल भएको सुखद अवस्थामा सम्मानित सभालाई सम्बोधन गर्न पाउदा खुसिको अनुभूति गरेको छु ।

४) संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली नागरिकले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु साथै २०७४ को प्रथम स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरु स्व. चित्र बहादुर कानू मगर, स्व. विष्णुमाया वि.क. र स्व. सुमित्रा परियारप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतन्त्र प्राप्तिको लागि विभिन्न चरणमा भएका आन्दोलनका बेपत्ता, घाईते योद्धा र पिडितहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएका आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

५) नेपालको संबिधानले आत्मसात गरेका आधारभूत मान्यताको संरक्षण र संवर्द्धनमा हुप्सेकोट सरकार सदैव क्रियाशील रहदै आएको छ । लोकतन्त्रको आधारस्तम्भका रुपमा रहेको आवधिक निर्वाचन अन्तर्गत स्थानीय तहको निर्वाचन निष्पक्ष र शान्तिपूर्ण तरिकाले सम्पन्न गराउन क्रियाशील राजनीतिक दल, राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकाय, नागरिक समाज, संचार जगत, निजि क्षेत्र तथा सम्पूर्ण नागरिकहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

६) लोकतान्त्रिक मूल्य मान्यता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन र विधिको शासन प्रति हुप्सेकोट गाउँपालिका पूर्ण प्रतिवद्ध रही स्थानीय तहको हक, कर्तव्य संरक्षण र उपयोग सम्बन्धमा सदा दृढ संकल्पित छ ।

७) समाजमा रहेका सबै प्रकारका विभेद, वञ्चितीकरण र असहिष्णुताको अन्त्य गर्दै राज्यको शासन र विकासको अवसरबाट वञ्चितीमा परेका र पारिएका वर्ग, समुदाय, जाती क्षेत्र र लिङ्गलाई साशनको मूल प्रवाहमा ल्याउन हुप्सेकोट स्थानीय सरकार सधै सचेत र अग्रसर रहनेछ ।

८) वि.स.२०७४ सालको स्थानीय निर्वाचनबाट निर्वाचित भई यस गाउँपालिकाको जनप्रतिनिधिको रुपमा पाँच बर्षे कार्यभार सम्हाल्दै गाउँपालिकाको सर्वाङ्गीण विकासमा पुर्याएको योगदानको उच्च कदर गर्दै सम्पूर्ण जनप्रतिनिधिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

९) बिरामीको लागि औषधी बनेर, घाउचोट लागेकालाई मलम बनेर, प्रसव वेदनाले छटपटिएकालाई एम्बुलेन्स बनेर, असहायहरुको सहारा बनेर, शिक्षाको उज्यालो किरण नपुगेको बस्तीमा शिक्षाको मन्दिर विद्यालय स्थापना गरेर, सहज रुपमा आवतजावत गर्न सडक तथा पुल बनाएर हुप्सेकोट गाउँपालिकाले जनप्रतिनिधिहरुको जिम्मेवारी र भूमिकालाई सहि सदुपयोग गर्दै नागरिकको अभिमतको सदासर्वदा सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

१०) हुप्सेकोटवासी सम्पूर्ण दिदी बहिनि तथा दाजु भाईहरु यहाँहरुको चाहना, आकांक्षा र वास्तविक आवश्यकतालाई सम्वोधन गर्न हामीलाई उपलब्ध स्रोत साधनको महत्तम उपयोग गर्दै यस क्षेत्रको सर्वाङ्गीण विकासमा हुप्सेकोट गाउँपालिका सदा प्रतिवद्ध रहेकोछ । यस अभियानमा विकासका आवश्यकता पूर्ति गर्न हामीले संघीय सरकार, प्रादेशिक सरकार, नीजि क्षेत्र, नागरिक समाज, गैर सरकारी संघ संस्था तथा निकायहरुसँग आवश्यक सहकार्य सहलगानी र सहकारीताको मूल्य मान्यतालाई आत्मसात गर्दै अगाडी बढी रहेका छौं ।

११) हुप्सेकोट गाउँपालिकाको योजना तर्जुमा प्रक्रियालाई जनसहभागिताको माध्यमबाट टोल, बस्ती तथा वडास्तरका कार्यक्रम छनौट गर्ने संवैधानिक व्यवस्था बमोजिम सबै राजनैतिक दल, विभिन्न संघसंस्था, हरेक तह र तप्कामा रहेका सरोकारवाला आम नागरिक समेतको राय, सल्लाह सुझावहरुलाई समेटेर सबै नागरिकहरुको अपनत्व हुने गरि आजको यस गरिमामय दोश्रो

गाउँसभाको प्रथम अधिवेशनमा यस गाउँपालिकाको आ व २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

**माननीय सदस्य ज्युहरु,**

१२) हुप्सेकोट गाउँपालिकाले पूर्वाधार विकास, सामाजिक विकास तथा आर्थिक विकास क्षेत्रमा उल्लेखनीय कार्य सम्पादन गर्दै आएको छ । यसै अन्तर्गत हुप्सेकोट गाउँपालिकाले गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने उदेश्यले आफ्नै लगानी हुप्सेकोट प्राविधिक शिक्षालय संचालनमा ल्याएको छ, जसमा नागरिकहरुले अत्यन्त न्युन शुल्कमा गुणस्तरीय प्राविधिक शिक्षा आर्जन गर्दै आएका छन् । संबिधानले व्यवस्था गरेको नि:शुल्क माध्यमिक शिक्षालाई कार्यान्वयनमा ल्याउन स्वयम्सेवक शिक्षकको प्रवन्ध मिलाईएको छ ।

१३) गाउँपालिकाले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उदेश्यले देउराली स्वास्थ्य चौकीलाई स्तरोन्नति गरि देउराली प्राथमिक अस्पतालको रुपमा परिणत गरी संचालनमा ल्याएको छ । जस अन्तर्गत डिजिटल भिडियो एक्सरे USG मेसिन सहितको गुणस्तरीय प्रयोगशाला सेवा समेत संचालनमा ल्याईएको छ । सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई मध्यनजर गर्दै संचालित सुत्केरी आमा पोषिलो खाना कार्यक्रमबाट चालु आर्थिक बर्षमा १९५ जना सुत्केरीहरु लाभान्वित भएका छन् । साथै स्वास्थ्य बिमा कार्यक्रम संचालनमा ल्याई देउराली प्राथमिक अस्पताललाई MBBS डाक्टर सहितको चिकित्सकीय सेवा प्रदान गर्ने प्रथम सेवा केन्द्रको रुपमा संचालनमा ल्याईएको छ ।

१४) गाउँपालिकाले विभिन्न स्थानहरुमा एकीकृत घुम्ती शिबिर संचालन गरि बिउ बिजन तथा पशुहरुको निशुल्क औषधि वितरण गर्दै आएको छ । साथै कृषकहरुलाई प्रोत्साहन स्वरुप कृषक पेन्सन तथा दुधमा अनुदानको व्यवस्था गरिएको छ । कृषि र पशुपालनमा बिशेष अनुदानको व्यवस्था गरी व्यवसायीकरण तथा यान्त्रिकीकरण मार्फत उत्पादनमा वृद्धि गरी आय आर्जन तथा रोजगारीको सिर्जना गरिएको छ । हुप्सेकोट गाउँपालिकाको तराई क्षेत्रमा डिप ट्यूवेल तथा सिचाई कुलो निर्माण गरी व्यवसायिक तरकारी खेतिमा प्रोत्साहन गरिएको छ भने पहाडी क्षेत्रमा अदुवा, अम्रिसो, कफी जस्ता नगदेबाली बिशेष कार्यक्रम संचालन गरिएको छ ।

१५) गाउँपालिकाको पहाडी र तराई क्षेत्रलाई एकाकार गर्दै आर्थिक सामाजिक रुपान्तरणको अभियानमा सबै क्षेत्र गाउँ र वस्तीलाई गाउँपालिकाको केन्द्रसँग जोड्दै पुर्व पश्चिम राजमार्ग सम्मको सेवा र पहुँचको अवस्थालाई सुनिश्चित गर्न ६ वठै वडाहरु जोडिने गरी **हुप्सेकोट**

**चक्रपथ**को ट्र्याक  निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने **उज्यालो हुप्सेकोट कार्यक्रम** अन्तर्गत ६ वटै वडाहरुमा विद्युत पहुँच विस्तार गरिसकिएको छ।

१६) चालु आर्थिक वर्षमा गाउँपालिका भित्र १० किलोमिटर सडक कालोपत्रे, २६ किलोमिटर सडक ग्राभेल, २० किलोमिटर माटे सडक, २३ किलोमिटर साईडवाल निर्माण,  ३ किलोमिटर सिँचाई कुलो निर्माण, ४ वटा कल्भर्ट निर्माण, ६ वटा खानेपानी ट्याङ्की निर्माणको कार्य सम्पन्न भईसकेको छ।

१७) गाउँपालिका भित्र रहेका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्यालाई समाधान गर्न राष्ट्रिय भुमि आयोगसंग सम्झौता गरी लगत संकलन तथा नापजाचको कार्य अन्तिम चरणमा पुर्याईएको छ।

१८) नेपालको संबिधानले निर्दिष्ट गरेको स्थानीय सरकारको एकल र साझा अधिकारको उपयोग गर्दै गाउँबासीप्रतिको जिम्मेवारी पुरा गर्नका लागि हुप्सेकोट गाउँपालिका आफ्नो स्रोतसाधन र क्षमताले भ्याएसम्म क्रियाशील रहदै आएको छ। नागरिकको विकास प्रतिको चाहना पुरा गर्नका लागि हुप्सेकोट सरकार प्रतिबद्ध रहेको छ।

१९) हुप्सेकोट गाउँपालिकाले **" सुन्दर, सुखी र उद्यमी हुप्सेकोट "** को नारालाई सार्थक तुल्याउन दिगो विकासका लक्ष्यहरुमा आफ्ना प्राथमिकताहरु निर्धारण गरेर काम गर्दै आएको छ। गाउँपालिकाको सोच तथा दृष्टिकोणहरु मूलतः नेपालको संबिधान, पन्ध्रौं आवधिक योजना, दिगो विकासका लक्ष्य र गाउँवासीको विकास चाहना तथा राजनीतिक दलहरुको विकास प्रतिवद्धता र गाउँ सभाको चाहना बमोजिम तय भएका छन्। यिनै आयाम र पृष्ठभुमिमा हुप्सेकोट सरकारले कुशलता पुर्वक काम गर्दै आएको छ।

यसै पृष्ठभूमिबाट हुप्सेकोट गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० को लागि तय गरेका प्रमुख नीति तथा कार्यक्रमहरु देहाय बमोजिम प्रस्तुत गर्दछु।

**"शिक्षा"**

**माननीय सदस्य ज्युहरु**

**२०)** विद्यालय तह दखिनै राष्ट्रियता, गाउँपालिकाको मौलिक कला, संस्कृति र ज्ञानको सम्मान संरक्षण सम्वर्द्धन गर्न नैतिक विषयमा बल पुग्ने किसिमको स्थानीय पाठ्यक्रम तयार गरी पाठ्यपुस्तक निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ।

२१) विद्यालय जाने उमेरमा वालवालिकाहरुलाई विद्यालय पुर्याउने तथा टिकाउने उद्देश्य हाँसिल गरी विद्यार्थी भर्ना दर वृद्धि गर्न तथा कक्षा छाड्ने दरमा कमी ल्याउन वालवालिकामा देखिएको पोषणको आवश्यकता पूर्ति गर्न दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२) नेपालको संविधानले प्रत्याभुत गरेको आधारभूत तहसम्म अनिवार्य तथा निशूल्क शिक्षा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गरिनेछ । क्रमशः माध्यमिक तहसम्म निःशूल्क शिक्षा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गरिनेछ । सो को लागि हरेक विद्यालयहरुमा व्यवस्था गरिएको स्वयंसेवक शिक्षकहरुलाई गाउँपालिका शिक्षकको रुपमा परिणत गरी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२३) सामुदायिक विद्यालयमा कार्यरत करार शिक्षक तथा कर्मचारी एवम् बालविकास सहयोगी कार्यकर्ताहरुलाई पेशा प्रति आकर्षित गर्न उनिहरुलाई सामाजिक सुरक्षा कोषको माध्यमबाट आवद्ध गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४) बालशिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवन उपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ । माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पुरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुन सक्ने जनशक्ति तयार गर्ने नीति लिइनेछ ।

२५) विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई आत्मनिर्भर एवम् उद्यमशिल बनाउने ज्ञान र सीप प्रदान गर्न विद्यालयसँगको सहकार्यमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिनेछ ।

२६) सामुदायिक विद्यालयमा विद्यार्थीहरुको आकर्षण वृद्धि गर्न विद्यालयमा स्थानीय पोषणयुक्त खाजाको व्यवस्था, शौचालय निर्माण र स्तर उन्नति, निःशुल्क सेनिटरि प्याडको व्यवस्था, स्वच्छ पिउने पानीको व्यवस्था, प्रत्येक कक्षाकोठामा परियोजना कार्यको माध्यमबाट शिक्षण सिकाइ सञ्चालन गर्न समस्यामा आधारित खोज अनुसन्धानमूलक उत्प्रेरणात्मक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्न सन्दर्भ सामग्रीहरुको व्यवस्था मिलाईनेछ ।

२७) विद्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै सिकाइमा नविनतम शिक्षण प्रविधिको माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँपालिका भित्रका सामुदायिक विद्यालयका सबै शिक्षकहरुलाई प्रविधि युक्त बनाउन कम्प्युटर लगायत बिषयगत तालिमको व्यवस्था मिलाईनेछ ।

२८) हुप्सेकोट गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरण गरी सर्वाङ्गिण विकासका लक्ष्य हाँसिल गर्न शैक्षिक क्षेत्रको विकासको पूर्व शर्तको रुपमा रहेको यथार्थतालाई आत्मसात गर्दै गुणस्तरीय शिक्षा प्राप्तीलाई सुनिश्चित गर्न उत्कृष्ट नतिजा हाँसिल गर्ने विद्यालय, प्रधानाध्यापक,

शिक्षक तथा विद्यार्थीहरुलाई तहगत र विषयगत आधारमा पुरस्कृत गर्न विभिन्न प्रोत्साहनका कार्यक्रम (प्रमाण-पत्र सहित रकम, गोल्ड मेडल) को व्यवस्थाको थालनी गरिनेछ ।

**२९)** सामुदायिक बिद्यालयको गुणस्तर वृद्धि गर्न संघ तथा प्रदेश सरकारको सहकार्यमा पुस्तकालय, विज्ञान प्रयोगशाला र आइ.सि.टि कार्यक्रम संचालन गरिनेछ ।

**३०)** न्यूनतम शुल्कमा गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने उदेश्यले स्थापना गरिएको हुप्सेकोट प्राविधिक शिक्षालयलाई थप व्यवस्थित र सुविधा सम्पन बनाईनेछ । देशका विभिन्न क्षेत्रबाट प्राविधिक शिक्षा हासिल गर्न आउने बिद्यार्थीहरुलाई आवास सहितको गुणस्तरीय शिक्षा प्रदान गर्न छात्रावास सहितको सुबिधा सम्पन्न शिक्षालय भवनको निर्माण गरिनेछ ।

**३१)** गाउँपालिकाबाट उच्च शिक्षा हासिल गर्न अन्य स्थानीयतहमा जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्न विभिन्न विश्व विद्यालयहरुसंग समन्वय गरी क्याम्पस स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

## "स्वास्थ्य"

**३२)** सुत्केरी आमाको स्वास्थ तथा पोषणको व्यवस्थालाई व्यवस्थित गर्न प्रोत्साहन स्वरुप हरेक सुत्केरी आमालाई प्रदान गरिदै आएको रकम उपलब्ध गराउन सुत्केरी आमा पोषिलो खाना कार्यक्रमलाई निरन्तरता दिईएकोछ ।

**३३)** पूर्ण खोपयुक्त गाउँपालिकाको उद्देश्य हाँसिल गर्न संचालनमा रहेका स्वास्थ्य संस्थाका अतिरिक्त वाह्य खोपकेन्द्र संचालनको लागि सुदृढीकरण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

**३४)** महिला स्वास्थ्य स्वयम् सेविकाको लागि भत्ताको व्यवस्था तथा वर्थिङ्ग सेन्टरलाई चौबिसै घण्टा संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

**३५)** स्थानीय जडिबुटीको संरक्षण गर्दै आयुर्वेद औषधालयलाई थप व्यवस्थित गराईनेछ साथै हुप्सेकोट ४ शंखदेबमा रहेको धौवादी स्वास्थ्य चौकीमा प्रयोगशाला निर्माण गरी संचालनमा ल्याईनेछ ।

३६) गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य र पोषणलाई प्रवर्द्धन गर्न साथै बालबालिका तथा किशोरकिशोरीको पोषणस्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३७) स्वास्थ्य बिमा कार्यक्रममा सबैको सहज पहुँच सुनिश्चित गरी स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ । साथै गाउँपालिका भित्रका गरिब परिचय पत्रका आधारमा बिपन्न घर

परिवार साथै  मध्यम र सामान्य बर्गका फरक क्षमता भएका व्यक्तिहरुलाई नि:शुल्क रुपमा स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गरिनेछ।

३८) गाउँपालिकाको स्वास्थ्य सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन पहाडी क्षेत्रमा एम्बुलेन्स सेवा संचालनमा ल्याईनेछ साथै निर्माणाधीन देउराली प्राथमिक अस्पतालको भवन सम्पन्न गरी नवनिर्मित भवनबाट सेवा संचालनको व्यवस्था मिलाईनेछ।

## "युवा तथा खेलकुद"

**३९)** सामाजिक कुरीति, अन्धबिस्वास र असमानता बिरुद्ध युवा परिचालित नभए सम्म सामाजिक विकास असम्भव छ भन्ने मर्मलाई बुझेर यस सम्बन्धि कार्यक्रम संचालनमा यूवाहरुलाई परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

**४०)** गाउँपालिकामा फुटवल, भलिवल, ब्याडमिन्टन, तेक्वान्दो लगायतका खेलकुदको राम्रो सम्भावना देखिएकोले  त्यसको थप प्रवर्द्धन गर्न राष्ट्रपति रनिङ्गशिल्ड तथा युनाईटेड गोल्डकप फुटवल प्रतियोगिता संचालनलाई निरन्तरता दिईनेछ।

**४१)** युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्न वडा नं १ को बेलुवामा निर्माण गरिएको  बहुउद्देश्यीय कभर्डहल निर्माण कार्यलाई पूर्णता दिईनेछ  ।

## महिला बालबालिका तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम

४२) महिला बालबालिका तथा फरक क्षमता भएका व्यक्तिहरुसंग सम्बन्धित चेतनामुलक प्रचारप्रसार सामाग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गरिनेछ। संचार माध्यमसंगको सहकार्यमा लैंगिक क्षमता सम्बन्धि जनचेतना अभिवृद्धि गरिनेछ। महिलामाथी हुने हिँसा न्यूनीकरणका लागि अभियान संचालन गरिनेछ। किशोरीको बहुआयामिक बिकास, लैंगिकतामा आधारित हिँसा, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवर्धन अन्तर्गत तालिमको व्यवस्था गरिनेछ।

४३) महिला हिंसा न्यूनीकरण एबम ससक्तिकरणका लागि बिभिन्न किसिमका चेतना मुलक कार्यक्रम संचालन गरिनेछ। लैंगिकमैत्री गाउँपालिका घोषणा कार्ययोजना अनुसार कार्यक्रम संचालन गरिनेछ। महिलाहरुमा रहेको परम्परागत सिप प्रवर्धन गर्नुका साथै महिला उद्यमसिलता प्रवर्धन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।

४४) दलित, आदिवासी जनजाति, अल्पसंख्यक मुस्लिम समुदाय, पिछडा वर्ग लगायत विकासको मूल प्रवाहमा आउन नसकेका वर्ग/समुदाय र क्षेत्रलाई गाउँपालिकाको बिकासको मूल प्रवाहमा ल्याईनेछ।

४५) बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ संचालन गरिनेछ। सार्वजनिक जग्गाको व्यवस्थापन गरी यसै आर्थिक वर्षदेखि केहि वडामा बाल उद्यान निर्माण गर्ने कार्यको थालनी गरिनेछ।

४६) बालबालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान बालबालिका पहिचान र प्रोत्साहनका लागि विविध कार्यक्रम संचालन गरिनेछ। यसैगरी बालश्रम, बाल विवाह न्यूनीकरणका लागि अभियानात्मक कार्यक्रम संचालन गरिनेछ।

४७) गाउँपालिका भित्रका जेष्ठ नागरिकहरुको संरक्षण, नियमित र निशुल्क स्वास्थ्य परिक्षण र उपचारको प्रवन्ध, स्वास्थ्य शिविर, सम्मान कार्यक्रम र अन्य प्रवर्धानात्मक कार्यक्रमलाई गाउँपालिका र टोल विकास संस्थाहरु मार्फत निरन्तरता दिईनेछ। पूर्वीय दर्शन अनुसार आमा-बाबु लगायत जेष्ठ सदस्यहरुको हेरचाह तथा पालनपोषण गर्ने परिवारका सदस्यहरुलाई सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ। प्रत्येक वडा/टोलमा “जेष्ठ नागरिक क्लब” गठन गरी उहाँहरुको जीवनशैलीलाई सजिलो बनाउन पहल गरिनेछ। जेष्ठ नागरिकमा रहेको ज्ञान शिपलाई प्रवर्द्धन गर्न “ जेष्ठ नागरिक अन्तरपुस्ता सीप हस्तान्तरण” कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नागरिकहरुसंग सम्बन्धित गैरसरकारी क्षेत्रबाट संचालित कार्यक्रमहरुको नियमन गरिनेछ।

४८) सरकारी, सार्वजनिक तथा व्यवसायिक, औधोगिक भवनहरु अपाङ्गतामैत्री मापदण्ड अनुसार निर्माण गर्ने नीतिगत व्यवस्था मिलाईनेछ। अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा, स्वास्थ्य, रोजगार जस्ता क्षेत्रमा अपाङ्गताको प्रकार हेरी सहुलियत तथा निशुल्क सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ । यस क्षेत्रमा क्रियासिल संस्थाहरुसंगको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुलाई उपयोग हुने सहायता सामाग्री वितरणको व्यवस्था मिलाईनेछ। अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउन “अपाङ्गता सहायता केन्द्र स्थापन” गरिनेछ। अपाङ्गता भएको व्यक्तिले संचालन गरेको उद्योग/व्यवसायहरुमा लाग्ने करमा शतप्रतिशत छुट दिने नीति अवलम्बन गरिनेछ।

४९) एकल महिला, वैदेशिक रोजगारीबाट फिर्ता भएका, आर्थिक रुपमा कमजोर आदि महिला लक्षित रोजगार कार्यक्रम जस्तै **"सफा झोला निर्माण, ढाका कपडा बुनाई, सिलाई कटाई, ऊनी स्विटर टोपी बनाउने, स्क्रिन प्रिन्टिङ, ब्युटीसियन तालिम, सेनिटरी प्याड बनाउने"** जस्ता स्व:आयआर्जनका कार्यक्रम संचालन गरि उत्पादित सामाग्रीको बजारीकरणमा गाउँपालिकाले आवश्यक प्रवन्ध मिलाउने छ।

## कृषि तथा पशुपालन

५०) कृषक दाजुभाई तथा दिदिबहिनीहरुलाई निर्वाहमुखी तथा परम्परागत कृषि प्रणालीबाट व्यवसायिक तथा बैज्ञानिक कृषि प्रणालीतर्फ उन्मुख गराउन आवश्यक कार्यक्रमको व्यवस्था गरि कृषि पेशालाई एकीकृत र व्यवसायिक बनाउन पहल गर्दै कृषि यान्त्रिकिकरण, विविधिकरण एवं आधुनिकिकरणमा जोड दिंदै **थोरै लगानी धेरै प्रतिफलको** नीति लिईनेछ।

५१) कृषिमा आधारित पकेट क्षेत्रहरु पहिचान गरि कृषि उत्पादनका लागि कृषक तथा सो संग सरोकार राख्ने संघसंस्थाहरुसँगको सहकार्यमा सहयोगी कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

५२) कृषि उत्पादन वृद्धिका लागि सबै कृषि योग्य भूमिमा सिँचाई सुविधा पुर्याउन जलाशय निर्माण, पोखरी संरक्षण, डीप बोरिङ निर्माण, लिफ्ट सिँचाई निर्माण, साना सिँचाई कार्यक्रमलाई विशेष प्राथमिकता दिईनेछ।

५३) बैज्ञानिक खेतीका लागि माटोको उर्वरा शक्ति कायम राख्दै माटोको परिक्षण ल्याव सेवा, कम्पोष्ट मल तथा ढैचाको बीज वृद्धि, भर्मिकम्पोष्ट मल निर्माण कार्यक्रम संचालनमा ल्याई दिगो कृषि उत्पादनको सुनिश्चितता गरिनेछ।

५४) गाउँपालिकालाई मासु तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर गराउन कृषकलाई दुध र मासुमा अनुदान दिइनेछ।

५५) कृषि बाली संरक्षण गर्न कृषि बिमा, आई.पि.एम. कृषक पाठशाला तथा स्वस्थ मानव जीवनयापनका लागि विषादी न्युनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

५६) संघीय सरकारको विशेष अनुदान अन्तर्गत वडा नं.१ बेलुवामा निर्माणाधी कोल्ड स्टोर निर्धारित समयभित्रै सम्पन्न गर्ने गरि अगाडी बढाइने छ।

५७) कृषकको लागत न्यूनीकरण गर्दै कृषिजन्य उत्पादनमा वृद्धि गर्न कृषि यान्त्रिकिकरण अन्तर्गत कृषिजन्य यन्त्र तथा उपकरणहरु अनुदानमा उपलब्ध गराईनेछ।

५८) पशुपन्छीको मृत्यु भई कृषकलाई पुग्ने क्षतिबाट राहत प्रदान गर्न निःशुल्क पशु बिमा कार्यक्रम संचालन गरिनेछ साथै पशु विमा कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्न किसानमा जागरण अभियान संचालन गरिनेछ।

५९) पशुपालक कृषक/फर्म/व्यवसायीहरुलाई पशु स्वास्थ्य तथा पोषण सुधारका लागि **"डोर टु डोर औषधी वितरण कार्यक्रम"** संचालनमा ल्याईनेछ।

६०) पशुपालन व्यवसायबाट राम्रो उत्पादन तथा कृषकको आम्दानी बढाउन उन्नत पशुपालन तथा कृत्रिम गर्भाधान प्रणालीबाट गाई, भैंसी र बाख्रामा नश्ल सुधारको कार्यक्रम संचालन गरिनेछ।

६१) **"बालीमा विषादी स्वास्थ्यमा बर्बादी"** अभियान अन्तर्गत प्राङ्गारिक खेती व्यवसायलाई प्रबर्द्धन गर्न विषादी नियन्त्रण कार्यक्रम अन्तर्गत किसानहरुको लागि कृषि समूह वा सहकारीको सिफारिसमा सामूहिक एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management) तालिम संचालन गरिनेछ।

६२) स्थानीय प्रजातिका धान, मकै, कोदो, कोशेबाली फलफूल तथा अन्नबाली संरक्षणको लागि स्थानीय बिउ संरक्षण र विकास गर्ने गरि बिउ बैंकको स्थापना गर्ने नीति लिईने छ।

६३) माटो परिक्षण गरी भिरालो जमिनको बैज्ञानिक वर्गिकरण गरी हावापानी र प्राकृतिक मौसमको आधारमा सामूहिक व्यवसायिक खेती प्रणालीलाई अवलम्बन गरिनेछ।

६४) माटो, पाटो र बाटोको आधारमा जग्गाको वर्गिकरण गरि कृषि पकेट क्षेत्रको निर्धारण गरिनेछ।

६५) कृषकहरुको आवश्यकता पहिचान गरी मागको आधारमा बीउ खरिद, टनेल निर्माण, तरकारी/फलफूलको नर्सरी स्थापना, च्याउ घर निर्माण लगायत विभिन्न व्यावसायिक तथा मौसमी/बेमौसमी उत्पादनको लागी अनुदान तथा तालिमको व्यवस्था गरिनेछ।

६६) कृषिलाई व्यावसायिकीकरण गर्न **"पकेट क्षेत्र कार्यक्रम", "हाईटेक नर्सरी"** जस्ता कार्यक्रम संचालन साथै मौरीपालनका लागि सम्भावित क्षेत्र पहिचान भैसकेका क्षेत्रहरुमा बैज्ञानिक मौरीपालन कार्यक्रम संचालन गरिने छ।

६७) प्रत्येक वडाहरुमा कृषि तथा पशु सेवा केन्द्र स्थापना गरी **एक गाउँ एक प्राविधिक सेवा** संचालन कार्यलाई निरन्तरता दिईनेछ।

६८) मासु पसल, चिलिङभ्याट, दुग्ध डेरीहरुका लागि आवश्यक कार्यविधि निर्माण गरी अनुदानको व्यवस्था मिलाईनेछ।

६९) एकीकृत कृषि विकास रणनीति बनाई कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्दै लगिनेछ।

७०) किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिँदै गाउँपालिका भित्रका कृषकहरुलाई सूचीकरण गरी कृषक डाटा बैंक निर्माणको कार्य प्रारम्भ गरिने छ। यसमा खाद्यान्न बाली, तरकारी, फलफूल, पशुपन्छी, माछा आदि जस्ता कार्यक्रमहरुको तथ्यांकहरुलाई अद्यावधिक गर्नुका साथै सोको आधारमा कृषकलाई अनुदान दिने व्यवस्था मिलाईनेछ।

७१) पशुपालन व्यवसायलाई व्यवसायिकरण र विविधिकरण गरि आयात प्रतिस्थापन गर्दै निर्यात प्रबर्द्धन गर्ने एवं रोजगारी सृजना गर्ने सम्मानित पेशाको रुपमा विकास गरिनेछ।

७२) उन्नत पशुपालनको लागि पशुपालक किसानहरुलाई प्रोत्साहन गर्दै लगिनेछ। कृषि तथा पशु प्राविधिकहरुको समन्वयमा कृषि तथा पशु विकास सम्बन्धी तालिम तथा अन्य सिप विकासका

कार्यक्रमहरु अगाडी बढाउन कृषक/पशुपालन समूहहरुको गठन र परिचालनको नीति कार्यान्वयनमा ल्याईनेछ ।

**७३)** गाउँपालिकाभित्र स्थापना भएका कृषि, पशुपालन, बाख्रापालन, तरकारी बारी जस्ता साना व्यावसायिक कृषि उत्पादन (पकेट क्षेत्र) कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**७४)** कृषक कल सेन्टर स्थापना गरि **"कृषकको गोठ खोरमा प्राविधिक सेवा"** कार्यक्रम संचालन गरिनेछ ।

**७५)** पशुपंछी मृत्युदर न्यून गरी कृषकको पशुधनको सुरक्षा गर्न सरुवारोग नियन्त्रण, पशु खोप कार्यक्रम जस्ता पशु उपचार सेवा कार्यक्रहरुलाई थप प्रभावकारी बनाईनेछ ।

**७६)** विशेषज्ञहरुद्वारा पशु औषधी पसल, दानापसल, मासु पसल र दुग्ध डेरीहरुको नियमित रुपमा अनुगमन र नियमन गर्ने व्यवस्था मिलाईनेछ ।

**७७)** कृषक समूह र गाउँपालिकाको साझेदारीमा साना सिंचाई कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

**७८)** **"भरी राखौं भकारी, अन्त्य गरौं भोकमरी"** भन्ने नारा अघि सार्दै भोक मुक्त गाउँपालिका निर्माणका लागि जमिन बाँझो नराख्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

**७९)** स्थानीय जातको पाराकोटे भैसी र खरी बाख्राको संरक्षण कार्यक्रम तथा भकारो सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**८०)** व्यावसायिक आलु खेती मार्फत आलुमा आत्मनिर्भर गाउँपालिका बनाउन कृषक समूहहरुलाई PBS जातको आलुको बीउ अनुदानमा उपलब्ध गराई आलु उत्पादनमा बृद्धि गरिनेछ साथै गाउँपालिका, कृषक समूह र चौधरी ग्रुपसंगको सहकार्यमा चिप्सोना जातको आलुको व्यावसायिक खेती गरी बजारिकरणको सुनिश्चितता गरिने छ ।

**८१)** खाने तेलमा आत्मनिर्भर बनाउन तेलहन बाली विकास कार्यक्रम संचालन गरिनेछ जसमा सूर्यमुखी, तोरी र आलस खेतीलाई पकेटको रुपमा विकास गरिनेछ ।

**८२)** कृषकहरुको कृषिजन्य उत्पादनमा वृद्धि गर्न, ज्ञान सीप अभिवृद्धि गर्न, व्यवसायमा विविधिकरण गर्न कृषकहरुलाई अवलोकन भ्रमण तथा आवश्यकतामा आधारित अर्थपूर्ण र व्यवहारिक तालिमको व्यवस्था गरिनेछ ।

**८३)** कृषि उपजको व्यवसायिक उत्पादनलाई प्रोत्साहन गर्न कृषि उपजको उत्पादनको क्रममा आउन सक्ने समस्या निराकरण एबम ओसार पसार तथा कृषि उत्पादनको बजारीकरण गर्न कृषि एम्बुलेन्सको व्यवस्था मिलाईनेछ ।

## पर्यटन बिकास

८४) नेपाल सरकार र हुप्सेकोट गाउँपालिकाको संयुक्त लगानीमा रुद्रपुरगढी संरक्षण तथा पर्यटन प्रवर्द्धन कार्यक्रमलाई द्रुत गतिमा अगाडी बढाई रुद्रपुरगढीलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।

८५) वडा नं ५ धौवादी रुद्रपुर गाउँ र वडा नं ४ को झरना खोला गाउँलाई होमस्टे गाउँको रुपमा विकास गरी व्यवस्थित होमस्टे कार्यक्रम प्रभावकारी ढंगबाट अगाडी बढाउन आवश्यक पहल गरिने छ ।

८६) पर्यटन गुरुयोजना अनुसार गाउँपालिका भित्रका पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक क्षेत्रहरुको पूर्वाधार विकासका कार्यहरु अगाडी बढाइने छ ।

८७) आन्तरिक तथा बाह्य पर्यटक भित्राउनको लागि पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण तथा व्यवस्थापनमा सरोकारवाला संघ संस्था, गैर सरकारी संस्था, निजि लगानीकर्ताहरु संग सहकार्य गरिनेछ ।

८८) पर्यटन प्रवर्द्धनका क्रियाकलापहरुमा टोल बिकास संस्था, खानेपानी तथा सरसफाई उपभोक्ता समिति, विभिन्न संघ संस्था, क्लब तथा स्थानीय नागरिकको प्रत्यक्ष संलग्नता बढाईनेछ ।

८९) हुप्सेकोट गाउँपालिका वडा नं १,२ र ३ अन्तर्गत महेन्द्र राजमार्गको उत्तर तर्फ रहेका विराट, मयुरपोखरी, थुम्किदेबी, त्रिकोण, सत्यवती क र ख बैज्ञानिक वन भित्र जंगल सफारीको संभाव्यता अध्ययन गरी उल्लेखित बैज्ञानिक बनहरुको स्रोत प्रयोग गरी पर्यटन प्रवर्द्धनका लागि जंगल सफारी संचालनको प्रवन्ध गर्न उपयुक्त समन्वय र नतिजामुखी सहकार्य गरिनेछ।

## सूचना प्रविधि

९०) सम्पूर्ण हुप्सेकोटवासीहरुमा सूचना तथा संचारको सहज पहुँच स्थापित गर्न गाउँपालकाभित्र नेपाल टेलिकम सँगको सहकार्यमा FTTH प्रविधिको उच्च गतिको ईन्टरनेट सहितको टेलिफोन सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ भने गाउँपालिका भित्र मोवाईल तथा टेलिफोन नेटवर्कमा सुधार गर्न सेवा प्रदायक संस्थासंग समन्वय गरी गुणस्तर विकास गरिनेछ ।

९१) सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्यमबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न

सक्ने तथा सार्वजनिक गर्ने, Website का साथै social media हरु मार्फत सूचनाको व्यवस्था मिलाईने छ ।

९२) गाउँपालिकामा इन्टरनेट सेवाको पहुँच नपुगेका वडा कार्यालयहरु तथा अन्य स्थानहरुमा ईन्टरनेट सेवा प्रदायक हरुसंगको सहकार्यमा ईन्टरनेट सेवा विस्तार गरिनेछ ।

९३) योजना सम्झौता तथा फरफारक जस्ता कार्यहरु गर्न गाउँपालिका सम्म धाउने र कागज बोक्ने व्यवस्थालाई अन्त्य गर्दै विद्युतिय माध्यमबाट डिजिटल हस्ताक्षर सहितको Paper Less Service (Project Tracking System) लाई प्रयोगमा ल्याईनेछ ।

९४) गाउँपालिकाबाट प्रदान गरिने सवै प्रकारका सेवा सुविधाहरूलाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट संचालन गर्दै लगिनेछ ।

## खानेपानी तथा सरसफाई

९५) गाउँपालिका भरी स्वच्छ र सर्वसुलभ खानेपानीको आपूर्तिको व्यवस्थालाई सुनिश्चित गर्न शहरी खानेपानी आयोजना लागु नभएका वडाहरुमा खानेपानी आयोजना संचालन गरी शुद्ध खानेपानीको सुनिश्चित गरिनेछ ।

९६) भान्सावाट निस्कने फोहोरका कारण व्यक्तिगत सरसफाईमा पर्न गएको प्रतिकुल असर न्यूनिकरण गर्न गाउँपालिका भित्र व्यवस्थित जुठेल्नो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९७) गाउँपालिका भरी सरसफाईको व्यवस्थालाई थप व्यवस्थित गर्न सम्भाव्यता अध्ययन गरिनेछ साथै सरसफाई सम्बन्धि सामाग्रीहरुको वितरणलाई निरन्तरता दिईनेछ ।

९८) WASH कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा गठित वडा स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिबाट खुल्ला दिशा मुक्तमा कार्यक्रममा दिगोपन, सरसफाई स्वच्छता सम्बन्धि बानी व्यवहार बिकास, फोहोर व्यवस्थापन सम्बन्धि तालिम तथा मूल, ईनार, पोखरी तथा साना जलाशय कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९९) नेपाल सरकारले लिएको लक्ष्य **सन् २०३० सम्ममा सबैका लागि र सधैका लागि पूर्ण सरसफाई** हासिल गर्न गाउँपालिका द्वारा संचालित पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१००) हुप्सेकोट गाउँपालिका वडा नं ६ को बिध्यमान खानेपानीको समस्या सामाधान गर्न प्रदेश सरकार संगको सहकार्यमा जगदेव, मौलाथर, कुमाल्दी, पिपलडाँडा र नयाँ बस्ती खानेपानी योजना निर्माण गरी संचालनमा ल्याईनेछ ।

## सहकारी तथा वित्तीय क्षेत्र विकास

१०१) सहकारी संस्थाहरुको सुदृढिकरण, बिकास र प्रवर्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाईनेछ । सहकारी संघ संस्थाहरुसंग सहकार्य गरी Public Private Partnership मोडलमा उत्पादनमुलक उद्योग व्यवसाय संचालन गर्ने कार्य अघि बढाईनेछ । साना किसानहरु र कम आयस्तर रहेका नागरिकहरु आवद्ध रहेका सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग पुर्याइनेछ ।

१०२) सरकार, निजि क्षेत्र र सहकारी बिचको सहकार्य र साझेदारीमा उत्पादन तथा सेवामुलक उद्योग व्यवसाय स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

१०३) वितिय साक्षरता सम्बन्धी कार्यक्रम संचालन गर्न गाउँपालिका भित्रका सबै सहकारीहरुलाई सक्षम, सवल, व्यवसायीक र सदस्य केन्द्रित बनाईनेछ ।

१०४) गाउँपालिका भित्र थप एक वटा "क" वर्गको बाणिज्य बैंकको शाखा स्थापना गर्न आवश्यक पहल गरिने छ ।

## जलस्रोत तथा सिचाई

१०५) गाउँपालिका भित्रको सबै खेती योग्य जमिनमा बार्है महिना सिंचाई सुबिधा उपलब्ध गराउन गिरुवारी खोलामा बहूउदेश्यिय बाँध परियोजना निर्माणको कार्यलाई संघीय सरकारसंगको सहकार्यमा अगाडी बढाईनेछ ।

१०६) गाउँपालिकाको विभिन्न वस्ती तथा टोलहरुमा आवश्यक भएका सिंचाई कुलो र नहरहरुलाई व्यवस्थित गर्न वडाहरु मार्फत आयोजना संचालन गर्ने गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

१०७) गाउँपालिकाको विभिन्न स्थानहरुमा डिप बोरिंग निर्माण गर्ने कार्यलाई संघ तथा प्रदेश सरकार संग सहकार्य गरी संचालन गरिनेछ ।

१०८) गाउँपालिका भित्रका सबै खोला तथा पानीका श्रोतहरुलाई सफा र स्वच्छ राख्न संरक्षणका कार्यक्रमहरु लागु गरिने छ ।

## भुमि व्यवस्था

१०९) गाउँपालिका भित्र बसोबास गर्ने भूमिहीन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासीहरूको संकलित विवरणको तथ्यांक प्रविष्टी कार्यलाई पूर्णता दिइनेछ । साथै राष्ट्रिय भूमि आयोगसँगको समन्वयमा नाप नक्सांकन गरी जग्गाधनी प्रमाण पुर्जा वितरण कार्यलाई प्राथामिकताका साथ अगाडि बढाइनेछ ।

## उद्योग वाणिज्य तथा आपूर्ति

११०) हाम्रो गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरणका क्रियाकलापलाई गति प्रदान गर्न आवश्यक हुने आधारभूत क्षेत्रगत पूर्वाधार निर्माण गर्न पहिचान भएका गौरवका आयोजनाहरुमा लगानी र सहकार्य गर्न सम्पूर्ण स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार, वैदेशिक नियोग, निजी क्षेत्र र गैर सरकारी क्षेत्रका लगानीकर्ताहरुलाई आह्वान गर्न लगानी सम्मेलन गर्ने प्रवन्ध मिलाईनेछ।

१११) गाउँपालिका भित्रका बिकास निर्माण सम्बन्धि कार्यको लागि आवश्यक पर्ने नदिजन्य पदार्थको आपूर्ति सहज सरल एबम सर्वसुलभ रुपमा गर्न आवश्यक कानुनि प्रक्रिया पुरा गरी गाउँपालिका आफैले क्रसर उद्योग संचालनमा ल्याउनेछ।

११२) संघीय सरकारसंगको सहकार्यमा गाउँपालिकाको वडा नं ३ मा **"हुप्सेकोट औद्योगिक ग्राम"** स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माण सम्बन्धी कार्य यसै वर्षबाट सुरुवात गरी औद्योगिक ग्राम स्थापना कार्यलाई निरन्तरता दिदै अगाडी बढाईनेछ ।

११३) उद्योग ब्यवसायीहरुलाई व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत गाउँपालिकाको समग्र विकासमा सहभागी हुन प्रेरित गरिनेछ।

## भाषा, धर्म तथा संस्कृति

११४) गाउँपालिका भित्रका आदिवासी जनजाति, दलित, थारु लगायत अन्य लोपोन्मुख जातिका भाषा, धर्म र संस्कृति, ललितकलाको संरक्षणको लागि स्पष्ट नीतिको तर्जुमा गरिनुको साथै स्थानीय कला संस्कृतिलाई आर्थिक उत्पादनसंग जोड्ने कार्यक्रम तयार गरिनेछ।

११५) गाउँपालिका भित्रका सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरि यथोचित बिकासमा ध्यान दिईने छ।

११६) मगर समुदायको कौरा, झ्याउरे, गुरुङ्गको घाटु,तामाङको शेलो, ब्राह्मण क्षत्रीको वालन, भजन, चुड्का, थारु जतिको डण्डिया तथा विविध परम्परागत गित नाँचको संरक्षण तथा प्रवर्धन गर्न सांस्कृतिक महोत्सव कार्यक्रम संचालन गरिनेछ।

## वन वातावरण तथा विपद/प्रकोप व्यवस्थापन

११७) गाउँपालिकाका विभिन्न खोला र नदी कटानका कारण विपदमा परेका तथा अन्य कारणले आईपर्ने विपदलाई व्यवस्थित गर्न गाउँपालिकाको विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१)१८) खोला नदीहरुको कटानका कारण सृजना भएको समस्या समाधानार्थ **"हुप्सेकोट तटवन्ध कार्यक्रम"** अन्तर्गत गिरुवारी खोला, केरुंगे खोला, पत्थर खोला तथा अन्य खोलाहरुमा तटबन्ध कार्यक्रम संचालन गरिनेछ ।

११९) विपदको अवस्थामा तत्काल उद्धारको लागि Rapid Response Team निर्माण गरी आवश्यक सामाग्रीहरू सहित विपद् व्यवस्थापन तालिम प्रदान गरिनेछ। युवा स्वयम् सेवकलाई विपद् उद्धार कार्यमा परिचालन गरिनेछ।

१२०) हुप्सेकोट गाउँपालिका अन्तर्गतका गिरुवारी खोला, केरुंगे खोला र पत्थर खोला लगायतका अन्य खोलाहरुमा जम्मा भएको नदिजन्य पदार्थका कारण सम्भावित बाढी पहिरो तथा नदि कटान जस्ता प्रकोपबाट उत्पन्न हुन सक्ने प्रकोप जन्य घटनाहरुलाई न्यूनीकरण गर्न खोलालाई च्यानलाईज गरी व्यवस्थित गरिनेछ।

१२१) राष्ट्रिय विपद प्राधिकरणबाट खटिएका भू-गर्भ विदहरुले पेश गरेको प्रतिवेदन अनुसार हुप्सेकोट गाउँपालिका अन्तर्गतका लायनखोला, राम्चे, पांग्रेघाट, श्यामघा, चारघरे, पिपलडाडा, पहारेबसेनी (टेटेन ढुसेनी), वाकखोरका वस्तीहरु पहिरोको अत्यन्त जोखिममा रहेको हुदा उक्त जोखिम पूर्ण वस्तीहरुलाई स्थानान्तरणको लागि संघीय सरकारसंगको सहकार्यमा प्राथमिकताका साथ कार्य अगाडी बढाईनेछ।

१२२) मनसुनजन्य, आगलागी जन्य र प्राकृतिक जन्य विपदबाट हुन सक्ने क्षतिको पुर्व अनुमान गरि आवश्यक पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन ल्याईनेछ।

१२३) बढ्दो वन तथा वातावरण बिनाशलाई कम गर्न बहुवर्षीय बिरुवा पिपल, निम, पाकरी, लाकुरी, रुद्राक्ष, चन्दन, कपुर जस्ता वनस्पतिको वृक्षारोपण कार्यक्रम संचालनमा ल्याईनेछ ।

१२४) घरायसी प्रयोगका लागि दाउराको खपत कम गर्न वैकल्पिक उर्जा प्रवर्धन केन्द्र जस्ता संस्थाहरु संग सहकार्य गर्दै सुधारिएको चुलो, बायो ग्यास, सोलार चुलो जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ।

१२५) जंगल क्षेत्रबाट काठ चोरी तस्करी, जंगली जनावरलाई हानी गर्ने काम पूर्ण रुपमा निर्मुल पार्न सुरक्षा निकाय संगको समन्वयमा प्रभावकारी कार्यक्रम लागु गरिने छ।

## सुशासन तथा संस्थागत विकास

१२६) नागरिक (सेवाग्राही) हरुलाई गाउँपालिका क्षेत्रबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु सरल र सहज बनाउन नागरिक सहायता केन्द्र स्थापना गरी संचालनमा ल्याईनेछ ।

१२७) सार्वजनिक सेवा प्रवाह र विकास निर्माणको क्रियाकलापहरुलाई नागरिकमुखी, नतिजामुखी, पारदर्शी र उत्तरदायीपूर्ण बनाउँदै जनतालाई आर्थिक, सामाजिक रुपान्तरणको यस महा अभियानमा सहभागी बनाउँदै सुशासन कायम गरिनेछ।

१२८) गाउँपालिकाको प्रशासनिक संरचनालाई चुस्त, दुरुष्त, पारदर्शि, उत्तरदायी र सुशासनमैत्री बनाई सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्न गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र कार्यालय एवं कार्यलय अन्तर्गतका वडा कार्यालयका कर्मचारीहरु वीच कार्यसम्पादन सम्झौता गरिनेछ। कार्यसम्पादन सम्झौताका आधारमा उच्च कार्य सम्पादन भएका कर्मचारीहरुलाई सम्मानित गरी वृत्ति विकासमा टेवा पुग्ने कार्यक्रम तय गरि कार्यन्वयन गरिनेछ।

१२९) गाउँपालिका स्तरबाट भविष्यमा संचालन हुन सक्ने गौरवका आयोजनाहरुको पहिचान गरी सो को कार्यान्वयनको लागि आवश्यक पर्ने DPR, IEE, EIA गर्ने कार्य अगाडी बढाईनेछ।

१३०) गाउँपालिकाबाट हुने भुक्तानी प्रणालीलाई सरल सहज एबम छिटो बनाउन यसै आर्थिक वर्ष देखि चेकबाट हुने भुक्तानीलाई विस्थापित गर्दै बिधुतिय माध्यमबाट भुक्तानी हुने प्रणाली अवलम्बन गरिनेछ।

१३१) जनप्रतिनिधि तथा सरकारी सेवाका सम्पूर्ण कर्मचारीहरुको आचार संहिता तयार गरी लागु गरिने छ।

१३२) गाउँ कार्यपालिकाको निर्णयहरु, विभिन्न सूचनाहरु तथा गाउँपालिकाबाट भएका आय व्ययको विवरण महिनाको अन्त्यमा वेबसाईट मार्फत सार्बजनिक गरिने छ।

१३३) सार्वजनिक खर्चलाई मितव्ययी र नतिजामुखी बनाउने कार्यमा थप जोड दिई चालु प्रकृतिका खर्चहरु कटौती गर्ने नीति लिईनेछ।

१३४) गाउँपालिकाबाट कार्य सम्पादन गर्दा पारदर्शी जवाफदेहि, उत्तरदायी र सहभागिता मुलक प्रक्रिया अवलम्बन गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण, बार्षिक समिक्षा, सामाजिक परिक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।

## सामाजिक सुरक्षा तथा संरक्षण

१३५) छुवाछुत मुक्त गाउँपालिका घोषणालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सर्वपक्षिय/ सर्वदलीय बृहद सचेतना मुलक कार्यक्रमको व्यवस्था गरिने छ।

१३६) गाउँपालिका भित्रका परम्परागत सीपहरुलाई बैज्ञानिक ढंगबाट व्यावसायिकिकरण गर्ने व्यवस्था मिलाईने छ ।

१३७) नागरिकले प्राप्त गर्ने सबै प्रकारका सेवा सहयोग र अनुदान आदीलाई सर्वसुलभ उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

१३८) गाउँपालिकाका हरेक नागरिकहरुलाई राष्ट्रिय परिचय पत्रको पहुँचमा पुर्याइने छ ।

१३९) सामाजिक सुरक्षा भत्ता बैंकिंग प्रणालीबाट वितरण कार्यलाई थप व्यवस्थित बनाईनेछ ।

## श्रम, रोजगार तथा गरिवी निवारण

१४०) गाउँपालिका भित्रका सबै बेरोजगारहरुको तथ्यांक संकलन गरि उपयुक्त रोजगारीका लागि रोजगार बैंक स्थापना गरिने छ ।

१४१) संघीय सरकारसंगको सहकार्यमा गाउँपालिका भित्र सम्पुर्ण बिपन्न परिवारहरुलाई गरिब परिचय पत्र वितरण गरी आवश्यक गरिबी निवारण सम्बन्धि कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

१४२) लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४३) आवश्यकता पहिचानका आधारमा गरिवी निवारणका लागि पुन:ताजकी र एडभान्स सिप विकास तालिमको व्यवस्था गरिनेछ ।

१४४) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको रोजगार सेवा केन्द्रलाई थप व्यवस्थित बनाउदै रोजगार केन्द्रमा आबद्ध व्यक्तिहरुलाई न्युनतम १०० दिनको रोजगारीको व्यवस्था गरिनेछ ।

१४५) दलित तथा आदिबासी जनजाति महिलाहरुको उत्थानको लागि सिप रोजगारमुलक तालिम तथा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

## न्याय तथा कानुन

१४६) न्यायिक समितिको सेवालाई व्यवस्थित र सर्वसाधारणको पहुँचमा पुर्याइने छ ।

१४७) न्यायिक समितिका पदाधिकारीहरु तथा स्थानीय मेलमिलापकर्तालाई सशक्त बनाउन आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

१४८) प्राकृतिक न्यायको सिदान्तमा आधारित रही स्थानीय सरकार संचालन ऐनले तोकेको क्षेत्राधिकार भित्र रही न्याय सम्पादन गरिने छ ।

## पूर्वाधार विकास

१४९) विकासका निश्चित लक्ष्य उद्देश्य हासिल गर्न अपनाईने नीति, रणनीति, क्रियाकलाप र उपलब्ध साधन श्रोतको संयोजन गरि योजनाबद्ध विकासको सुरुवात गर्न अत्यावश्यक बाहेकका नयाँ आयोजना नथप्ने र कार्यान्वयनमा रहेका तथा अधुरा आयोजनाहरुलाई सम्पन्न गर्ने गरि बजेट परिचालन गरिनेछ।

१५०) गाउँपालिकाले तयार गरेको गाउँसडक गुरुयोजना अनुसार सडकको स्तर वर्गिकरण गरि विकास निर्माण कार्यलाई व्यवहारिक एवं बैज्ञानिक बनाउँदै लगिनेछ। ट्र्याक निर्माण भएका सबै बाटोहरुमा उपभोक्ताहरुको अपनत्व बृद्धि गराई सडकको स्तरोन्नतीको कार्य गरिदै लगिनेछ।

१५१) गाउँपालिका केन्द्रबाट सबै वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, आधारभूत स्वास्थ्य केन्द्र सम्म बाह्रै महिना यातायातका साधन संचालन हुने गरि सडक निर्माण कार्य अगाडी बढाईनेछ। सवारी आवागमन धेरै हुने समथर भूभाग भएका वडाहरुमा लागत सहभागिता मार्फत सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१५२) गाउँपालिका स्तरका मुख्य सडक, मोटरेवल पुल तथा ठूला संरचनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरि स्थायी  भौतिक पूर्वाधार निर्माणलाई जोड दिइनेछ। लागत अनुमान धेरै भएका ठूला विकास आयोजनाहरु संघ एवं प्रदेश सरकारसँग माग गरि सहकार्यमा संचालन गरिनेछ साथै गाउँपालिका भित्रका पहाडी क्षेत्रका खोलाहरुमा सहज आवागमनका लागी आवश्यकता पहिचान गरि झोलुङ्गे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१५३) हरित सडकको अवधारणा अनुरुप उपभोक्ताहरुको सहभागितामा सडक छेउछाउमा विरुवा रोप्ने कार्यक्रम अगाडी बढाई सडक सौन्दर्यतालाई प्रबर्द्धन गरिनेछ। सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीति अवलम्बन गर्दै पूर्वाधारका क्षेत्रमा हुने हरेक निर्माण कार्यलाई सुरक्षित, टिकाउ एवं वातावरणमैत्री बनाइनेछ।

१५४) विकासको मेरुदण्डको रुपमा रहेको पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित गर्न मर्मत सम्भार कोष स्थापना गरि आवश्यक कार्यविधि बनाई व्यवस्थित बनाउँदै लगिनेछ।

१५५) गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण भौतिक संरचना, प्रशासनिक एवं औद्योगिक भवन, स्वास्थ्य संस्था, क्याम्पस, विद्यालय, निजि आवास तथा अन्य भवन निर्माण गर्दा अनिवार्य रुपमा भवन निर्माण आचारसंहिता पालना गरि नक्सापास गरेर मात्र निर्माण गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

१५६) विद्युत पहुँच नपुगेका वडाभित्रका टोलहरुमा विद्युत प्रसारण लाईन विस्तार गर्न आवश्यक पहल गर्नुका साथै गाउँपालिका भित्रका बजार क्षेत्रमा ढल व्यवस्थापनको लागि नाली निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ।

१५७) निजि क्षेत्रमा उपलब्ध स्रोत-साधन, सीप तथा प्रविधिलाई विकास कार्यमा आकर्षित गर्न सार्वजनिक निजि साझेदारी अवधारणा अनुरुप विकास निर्माणका कार्यलाई अगाडी बढाईनेछ।

१५८) संघीय सरकारको महत्वपूर्ण योजनाको रुपमा रहेको रुद्रपुर Hill Station को निर्माण कार्यलाई तिब्रता दिनका लागी आवश्यक पहल गरिनेछ।

१५९) रुद्रपुर धौवादीमा रहेको नमुना Wind Mill लाई संरक्षण गरि बिद्युत उत्पादन कार्यलाई निरन्तरता दिन आवश्यक पहल गरिनेछ।

१६०) प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा वडा नं ५ र ६ मा निर्माणाधीन सुबिधा सम्पन्न बर्थिंग सेन्टर निर्माणको कार्य सम्पन्न गरिनेछ। साथै सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका १९१ घरधुरीलाई खरको छाना मुक्त गरिनेछ।

१६१) प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा पुर्व-पश्चिम राजमार्गको ४० कि.मी देखि हुप्सेकोट गाउँपालिका जोड्ने बाटो तथा संघीय सरकार र गाउँपालिकाको साझेदारीमा सम्मेनी-झ्यालबास तथा डण्डा-झ्यालबासको बाटो निर्माण कार्य अगाडि बढाईनेछ।

१६२) बहुबर्षिय ठेक्का प्रक्रिया मार्फत सम्झौता भई निर्माणाधीन रहेको गाउँपालिकाको अत्याधुनिक भवनको निर्माण कार्य निर्धारित समयभित्रै सम्पन्न हुने गरि अगाडी बढाईनेछ। साथै अधुरो रहेका सबै वडा कार्यालय भवनहरु समेत सम्पन्न गरि सेवा सुचारु गरिनेछ।

१६३) साहसिक पर्यटन प्रबर्द्धनका साथै पर्यटकीय सौन्दर्यता अभिवृद्धि गर्न झरना खोला, राईनो झरना(गैंडा खोला), बसेनी झरनालाई बिशेष संरक्षण र प्रबर्द्धन गरिनेछ भने पहाडी क्षेत्रका मार्गहरुमा आकस्मिक बिसौनीका लागी उपयुक्त स्थानहरुमा प्रतिक्षालय निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१६४) गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको हुप्सेकोट चक्रपथ अन्तर्गत पोखरी देखि राम्चे जोड्न बाँकी सडकको ट्र्याक खोली चक्रपथलाई पूर्णता दिईनेछ भने चक्रपथको अन्य खण्डमा स्तरोन्नती कार्य गरिनेछ। साथै चक्रपथ जोड्ने अन्य महत्वपूर्ण बाटोलाई Link Road को रुपमा विकास गरिनेछ।

१६५) धार्मिक एवं पर्यटकीय महत्व बोकेको वडा नं.१ र ४ को सिमानामा रहेको विष्णुधाम क्षेत्रको विकासको लागि सम्भाव्यता अध्ययनको कार्य अगाडी बढाईनेछ।

१६६) प्राथमिकताका आधारमा गाउँपालिका भित्रका महत्वपूर्ण सडकहरुलाई स्तरोन्नती गर्नुका साथै सम्भब हुने क्षेत्रहरु पैदल लेन र साईकल लेन सहितको सडक निर्माण कार्यलाई अगाडी बढाईनेछ ।

१६७) गाउँपालिकाको वडा नं २ र ३ जोड्ने गिरुवारी खोलाको दुर्गेबैरेनीमा संघीय सरकारको सहयोगमा पक्की पुल निर्माण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

हामीले नागरिकका बीचमा जाहेर गरेका प्रतिवद्धता एवं विकास तथा नागरिकका जीवनयापनका सवालहरुलाई पूरा गर्दै गाउँपालिकालाई समृद्ध र समुन्नत तुल्याई नगरपालिकाको रुपमा रुपान्तरण गर्ने दिशामा प्रतिबद्ध छौं । हाम्रो यस कदममा साथ दिन हुप्सकोटबासी आम सचेत नागरिकहरुको सकारात्मक तथा रचनात्मक सुझावको अपेक्षा गर्दै सबै एकाकार भई आग्रह पूर्वाग्रह तथा राजनितिक स्वार्थलाई थाती राखी समग्र विकासमा लाग्न हार्दिकता पूर्वक अनुरोध गर्न चाहान्छु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गाउँपालिकाको विकासको आधारशिला खडा भई सामाजिक, आर्थिक लगायत समग्र क्षेत्रको विकास तथा शासन, विकास र सेवा प्रवाहमा आम हुप्सेकोटवासीको पहुँच, पहिचान एवं प्रतिनिधित्व स्थापित हुनुका साथै समन्वय, सहकार्य, सहभागिता प्रबर्द्धन भई सामाजिक न्याय कायम हुनेछ भन्ने आशा लिएको छु ।

अन्त्यमा, हुप्सेकोटको समग्र बिकासमा योगदान गर्नुहुने तथा प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनुहुने कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधिज्युहरु, राष्ट्रसेवक कर्मचारी, निजि, सहकारी तथा सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सुरक्षा र संचार जगत लगायत सम्पूर्ण दिदीबहिनी दाजुभाई तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जय नेपाल !!!

लक्ष्मी देवी पाण्डे<br>
अध्यक्ष<br>
मिति २०७९/०३/१० गते